# मरिण गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## कपिलाकोट, सिन्धुली
बागमती प्रदेश, नेपाल


पत्र संख्याः २०७९/०८०
च.नं.: ३६०

मितिः २०८०/०२/१७

श्री वडा कार्यालयहरु सबै,
श्री विषयगत समितिहरु सबै,
श्री विषयगत शाखाहरु सबै,
मरिण गाउँपालिका, सिन्धुली ।

**विषयः योजना तथा कार्यक्रम छनौट एवं सोको प्राथमिकीकरण सम्बन्धमा ।**

मरिण गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०८०।०२।११ गते प्रकाशित बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा सम्बन्धी कार्यतालिका अनुसार मिति २०८० जेष्ठ १६ गतेका दिन बसेको श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको वैठकले आगामी आ.व. २०८०/०८१ को लागि विषय क्षेत्रगत तथा वडागत बजेट सिलिङ निर्धारण गरेको हुँदा बस्ती/टोलस्तरमा योजना छनौट एवं सोको प्राथमिकीकरण गर्ने प्रयोजनार्थ टोल वा बस्ती भित्रका क्रियाशील सामुदायिक संस्थाहरू (टोल विकास संस्था, आमा समूह, बाल क्लव वा सञ्जाल, युवा क्लव, नागरिक सचेतना केन्द्र, विभिन्न सरकारी कार्यालयबाट गठन भएका समूह आदि), वुद्धिजिवी, भद्रभलादमी, राजनीतिक दलका प्रतिनिधि लगायतका सरोकारवालाहरुको उपस्थितिमा विषय क्षेत्रगत आधारहरु एवं मार्गदर्शन र बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधारहरु अनुसार योजना तथा कार्यक्रमको छनौट एवं सोको प्राथमिकीकरण गरि तोकिएको समय सीमा भित्र अनिवार्य रुपमा पेश गर्न हुन अनुरोध छ ।

२०८०।०२।१८

ओम बहादुर दर्जी
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्चः सम्बन्धित विषयगत समितिले विषयगत शाखाको समन्वय तथा सहजीकरणमा योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरि पेश गर्ने एवं प्रत्येक वडाको हकमा आफ्नो वडाले प्राप्त गरेको सिलिङलाई आधारमानी विषय क्षेत्रगत बजेट मार्गदर्शन र बजेट तथा कार्यक्रम प्राथमिकीकरणका आधार अनुसार पेश गर्नु पर्ने योजना तथा कार्यक्रमका अलवा गाउँपालिका स्तरीय, प्रदेश स्तरीय, संघ स्तरीय, प्रधानमन्त्री रोजगार कार्यक्रम, विभिन्न संघसंस्थाको साझेदारीमा गर्नु पर्ने कार्यक्रम एवं योजना बैंकमा उल्लेख गर्नु पर्ने योजना तथा कार्यक्रमहरुको प्राथमिकीकरण सहित विषय क्षेत्रगत रुपमा पछि सम्म फरक नपर्ने गरि व्यवस्थित रुपमा पेश गर्नु पर्नेछ ।*